गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि ज्ञान केन्द्र कास्की

**आ.ब २०८२/०८३ मा कृषि ज्ञान केन्द्र, कास्की मार्फत संचालन हुने कार्यक्रमका लागि आवेदन प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

**(प्रथम पटक प्रकाशित सूचनाः मिति २०८२/०५/२०)**

यस केन्द्रको आ.ब २०८२/०८३ को बार्षिक कार्यक्रम अनुसार तपशिल कार्यक्रम संचालन गर्न ईच्छुक कास्की जिल्लाभित्रका कृषक, कृषि फर्म/कृषि कम्पनी, कृषक समुह तथा सहकारी संस्थाले यो सुचना प्रकाशित **मितिले ३० दिन भित्र** तोकिएको ढाँचामा कार्यक्रम प्रस्तावना सहित तपशिल बमोजिमका आवस्यक कागजातहरु संलग्न राखी यस केन्द्रमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम | अनुदान प्रतिशत बढीमा | कार्यक्रमको लक्ष्य | बजेट रु लाखमा | छनौटका न्युनतम आधार (अनुसरण गर्नुपर्ने मापदण्डहरु molmac. Gandaki.gov.np मा गई डाउनलोड गरी हेर्नसक्नुहुनेछ) |
|---|---|---|---|---|---|
| १ | कृषिको उत्पादन र उत्पादकत्व अभिबृद्धि कार्यक्रमहरु | | | | |
| १.१ | फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | ५०-९० | १०हे | १५ | कृषि फर्म/कम्पनीको हकमा कम्तिमा ३ रोपनी र कृषक समुह/सहकारीको हकमा कम्तिमा १० घरधुरी संलग्न भई न्यूनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (फलफूल बिकास सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०८२) |
| १.२ | फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम | | १५हे | ९ | |
| १.३ | सुन्तलाजात फलफूल वगैंचा स्थापना तथा विस्तार कार्यक्रम | ५०-९० | ३हे | ४.५ | कृषि फर्म/कम्पनीको हकमा कम्तिमा ३ रोपनी र कृषक समुह/सहकारीको हकमा कम्तिमा १० घरधुरी संलग्न भई न्यूनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (फलफूल बिकास सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०८२) |
| १.४ | सुन्तलाजात बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम | | २५हे | १५ | |
| १.५ | फलफुल नर्सरी स्थापना तथा संचालन | ५० | ३ वटा | १५ | कृषि फर्म/कृषि कम्पनी, कर्षक समुह तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन् । (फलफुल, तरकारी तथा नगदेबाली बिरुवा नर्सरी/स्रोत केन्द्र स्थापना सम्बन्धि कार्यक्रम संचालन मापदण्ड २०८२) |
| १.६ | खाद्यान्न बाली उत्पादन प्रवर्धन कार्यक्रम | ५०-९० | २०हे | २० | कृषक समुह/ कृषि सहकारी द्वारा कम्तिमा १० घरधुरी संलग्न भई एकमुष्ठ कम्तिमा १०० रोपनी क्षेत्रफल र संलग्न प्रत्येक घरधुरीले कम्तिमा ३ रोपनिमा खेति गर्नुपर्ने छ । (खाध्यान्नबाली प्रवर्द्धन सम्बन्धि कार्यक्रम संचालन मापदण्ड, २०८२) |
| १.७ | आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्धन कार्यक्रम | ५०-७५ | ४हे | ६ | खाध्यान्नबाली, तरकारीबाली,आलु,तेलहन र दलहन बालिको क्लष्टरमा बिउ उत्पादन कार्यक्रम संचालन गर्नुपर्ने छ । ( बिउ उत्पादन प्रबर्धन सम्बन्धि कार्यक्रम संचालन मापदण्ड, २०८२)) |

प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| १.८ | समुदायमास्तरमा प्रशोधनयोग्य आलु उत्पादन प्रवर्द्धन कार्यक्रम | ५०-९० | २२ हे | २८.६ | कार्यक्रम संचालनका लागी कृषि फर्म/कृषि कम्पनिको हकमा कम्तिमा २० रोपनी र कृषक समुह / कृषि सहकारीको हकमा कम्तिमा १० घरधुरी संलग्न भई कम्तिमा ३० रोपनिको क्लष्टरका साथै समुह/ सहकारीमा संलग्न प्रत्येक कृषकले कम्तिमा १ रोपनिमा खेती गर्ने क्षेत्रफल कायम गर्नुपर्ने छ ।( आलु उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०८२)) |
| १.९ | समुदायस्तरमा खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रम | ५०-९० | ३५ हे | ४५.५ | कार्यक्रम संचालनका लागी कृषि फर्म/कृषि कम्पनिको हकमा कम्तिमा २० रोपनी र कृषक समुह / कृषि सहकारीको हकमा कम्तिमा १० घरधुरी संलग्न भई कम्तिमा ३० रोपनिको क्लष्टरका साथै समुह/ सहकारीमा संलग्न प्रत्येक कृषकले कम्तिमा १ रोपनिमा खेती गर्ने क्षेत्रफल कायम गर्नुपर्ने छ ।( आलु उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०८२)) |
| १.१० | व्यवसायिक तरकारी खेति सहयोग कार्यक्रम | ५० | १ पटक | २५ | कृषि फर्म/ कम्पनी मार्फतखुल्ला जमिनमा २ रोपनी क्षेत्रफल वा संरक्षित संरचना भित्र १४० वर्ग मि. क्षेत्रफल र कृषक समुह / सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई खुल्ला जमिन मा १० रोपनी वा संरक्षित संरचना भित्र१००० वर्ग मि. क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (व्यावसायिक तरकारी खेती सहयोग कार्यक्रम संचालन मापदण्ड,२०८२) |
| २ | **समुदाय लक्षित खाध्य सुरक्षा कार्यक्रम** | | | | |
| २.१ | रैथाने तथा स्थानिय वाली विकास कार्यक्रम | ५०-९० | २ पटक | १० | कृषक समुह / कृषि सहकारीको हकमा कम्तिमा ७ घरधुरी संलग्न भई कम्तिमा ३० रोपनिको साथै संलग्न प्रत्येक घरधुरीले कम्तिमा २ रोपनिमा खेती गर्नुपर्ने छ। कृषि फर्म/ कम्पनिको हकमा कम्तिमा १० रोपनी र व्यक्तिगत कृषकको हकमा एकै कलष्टरमा कम्तीमा ५ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (रैथाने तथा स्थानिय वाली विकास कार्यक्रम सञ्चालन मापदण्ड ,२०८२) |
| २.२ | ग्रामिण पोषण सुरक्षण कार्यक्रम | ९० | २ संख्या | १० | कम्तीमा २५ घरधुरी संलग्न भई खाद्य तथा पोषण सुरक्षा सुनिश्चितताको लागी कार्यक्रम संचालन गर्नुपर्नेछ तर पहिले देखि आधुनिक मौरी पालन, व्यवसायिक तरकारी तथा फलफुल खेती , पशुपालन गर्दै आएका , प्लास्टिक घर निर्माण गरेका घरधुरीहरु कलष्टरमा समावेश हुन पाउने छैनन। (ग्रामिण पोषण सुरक्षण कार्यक्रम सञ्चालन मापदण्ड,२०८२) |
| २.३ | सामुदायिक बीउ बैंक /रैथाने वाली सम्बन्धी कार्यक्रम | ९० | २ पटक | १० | यो कार्यक्रम कृषक समुह तथा कृषि सहकारीको साझेदारीमा सञ्चालन गरिनेछ। (सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन कार्यक्रम सम्बन्धि मापदण्ड,२०७७) |
| ३ | **कृषि उद्यम प्रवर्द्धन कार्यक्रम** | | | | |
| ३.१ | कृषि उद्यम विकास कार्यक्रम | ५० | ८ संख्या | ४० | कृषि उपजको ग्रेडिङ, लेवलिङ, प्याकेजिङ तथा प्रशोधन सम्बन्धि कार्यका लागी कृषि फर्म, कृषि कम्पनी,, कृषक समुह, तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। (कृषि उद्यम विकास कार्यक्रम सञ्चालन मापदण्ड,२०८२) |
| ३.२ | निर्यातजन्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रम | ५०-९० | ५ पटक | २५ | मुख्यतया कफि, अलैंची, चिया, मह, अदुवा, बेसार, अकबरे खुर्सानी आदि उत्पादन तथा बजारिकरणका लागी कृषि फर्म, कृषि कम्पनी, कृषक समुह तथा कृषि सहकारीले कार्यक्रम आवेदन दिन सक्नेछन्। (निर्यातयोग्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |

प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | जलवायू मैत्री प्रविधि प्रवर्धन कार्यक्रम | | | | |
| ४.१ | जलवायुमैत्री कृषि प्रविधि प्रवर्धन कार्यक्रम | ५०-९० | २ | १० | जलवायुमैत्री कृषि प्रविधि प्रवर्धन सम्बन्धि विशेष कार्यक्रम सञ्चालन गर्न ईच्छुक कृषक समुह / कृषि सहकारीले मात्र आवेदन दिन पाउनेछन्। (जलवायुमैत्री कृषि प्रविधि प्रवर्धन सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ४.२ | ग्रामिण कृषि पर्यटन प्रवर्धन कार्यक्रम | ५०-९० | २ | १० | ग्रामिण क्षेत्रमा सञ्चालनमा रहेका होमस्टे, रैथाने कृषि उपज प्रवर्द्वन गर्ने होटल, सामुदायिक पाहुना घर रहेको वडाका कृषि फर्म, कृषक समुह/कृषि सहकारी मार्फतआवेदन दिन सक्नेछन। आवेदकले होमस्टे,फार्मस्टे, रैथाने कृषि उपज प्रवर्द्वन गर्ने होटल , सामुदायिक पाहुना घरसँग पुर्व खरिद सम्झौता गर्नुपर्नेछ। (जलवायुमैत्री कृषि प्रविधि प्रवर्धन सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |

आवश्यक कागजात

१ . रु १०/- को हुलाक टिकट टाँस गरर्को निवेदन र स्पष्ट रुपले भरिएको प्रस्तावना फाराम।

२ . नेपाली नागरिकताको प्रमाण पत्र साथै जग्गा धनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि

३ . कार्यक्रमको नाम उल्लेख गरी स्पष्ट रुपमा लेखिएको वडा कार्यालयको/सम्बन्धित पालिकाको कृषि शाखाको सिफारिस पत्र ।

४ . फर्म ,समुह,संस्था, समिति, कम्पनी वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ, दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, गत आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदन, नविकरण गर्नुपर्ने भएमा नविकरणको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि

**पुनश्चःमाथी उल्लेखित कार्यक्रमहरुको बजेट सीमा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यन्वयन सम्बन्धि एकिकृत कार्यविधि २०८१ र मापदण्डमा भएका व्यवस्था अनुसार सञ्चालन हुनेछ। साथै तोकिएको समय अवधि भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदकहरु उपर कुनै प्रक्रिया अघि बढाइने छैन ।**

Webbsite :www.kaski.akc.gov.

इमेल : akckask2077@gmail.com

सम्पर्क नः ०६१-४५१२५०, ९८५६०२८४४४ प्रमुख, ९८५६००१३४४ गुनासो सुन्ने अधिकारी, ९८५७६२१३४१ सूचना अधिकारी

प्रमुख